नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसाल

मुद्दाः- न्यून गुण स्तर ।

मि.नं.-४२२ दायर मिति :-२०७५/०३/१७

फैसला मिति :-२०८०/९/२६

| वादी | प्रतिवादी |
|---|---|
| खाद्य निरीक्षक श्रवण कुमार साहको जाहेरीले वादी नेपाल सरकार....................................१ | जिल्ला पर्सा ,वीरगंज उ.म.न.पा.-१३ स्थित हिमाल फूड प्रोडक्टस्को प्रोपराईटर अजय गोयन्का---------------------१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छ :-

## तथ्य-खण्ड

१.बजार निरीक्षणको कममा खाद्य पदार्थको संकेत **HPT-29/070/071** नुडल्सको नमूना संकलन अनुसुची-२ भरेको मुचुल्का ।

२.बिश्लेषण परीक्षण नमूना अनुसुची-४ जिल्ला प्रशासन कार्यालय ,सर्लाहीमा समेतमा पठाईएको ।

३. सा.बि ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको ।

४.मुद्दा चल्ने वा नचल्ने निर्णयको लागी जि.स. व का. पर्सामा पेश हुदाँ मुद्दा चल्नेभई मिति २०७५।०२।२० मा निर्णय भएको।

## ठहर खण्ड

यसमा मिति २०७०॥११।०६ गते खुशी जेनरल स्टोर,मलंगवाबाट प्लेन नूडल्सको नमूना संकलन गर्दा भरेको अनुसूची-२ बिश्लेषनार्थ नमूना पठाएको अनुसूची-४ सा.बि. ज्यू बाट प्राप्त बिश्लेषण प्रतिवेदन अनजुसूची-५ र प्याक गरिएको खाद्य पदार्थ रहेको भाँडाको लेबुलमा अनिवार्यरुपले उत्पादन मिति,ब्याच नं. र खुद तौल राख्नुपर्नेमा नपाईएकोले दण्ड सजायको मांगदावी लिए बाट प्रतिवादीले खाद्य ऐन २०२३ को दफा २(ग)२ ले भने जस्तो न्यून गुण स्तरको न्युडलसको उत्पादन गरि बिक्रि बितरण गरेको पुष्टी हुन आयो अतः प्रतिवादीले सोही ऐनको दफा ३ बिपरीत कसूर अपराध गरेको ठहर्छ। सो ठहर्नाले सोही ऐनको दफा ५(१) बमोजिम फरार प्रतिवादी हिमाल फुड प्रोडक्टसको प्रोप्राइटर अजय गोयन्कालाइ रु २,०००।- ( अक्षरेपी रु दुई हजार) मात्र जरिवाना हुने ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

## तपसिल खण्ड

१.माथि ईन्साफ खण्डमा लेखिए बमोजिम निज प्रतिवादी फरार प्रतिवादी हिमाल फुड प्रोडक्टसको प्रोप्राइटर अजय गोयन्कालाई खाद्य ऐन २०२३ को दफा ५(१) बमोजिम रु २,०००।- (अक्षरेपी रु दुई हजार) मात्र ठहर भएको जरिवाना रकम असुलउपर गर्न जिल्ला प्रहरी कार्यालय,पर्सालाई पत्र लेख्नु।...............................१

२.प्रस्तुत फैसलामा चित्त नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नु भनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु.....................................................................................१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु। ..........................................१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु.......................................................................................................................................१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल पुष महिना २६ गते ५ रोज शुभम्................................................................ ।